बैठक संख्याः २३।२०८१

बैठक मितिः २०८१।१२।०४ गते, समयः विहान ११:०० बजे

स्थानः पाख्रीबास नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८१।१२।०४ गते सोमबार विहान ११:०० बजे पाख्रीबास नगरपालिकाका नगर प्रमुख श्री ज्ञान बहादुर गुरुङज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

## उपस्थिति

| क्र.स. | नामथर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री ज्ञान बहादुर गुरुङ | नगर प्रमुख | | |
| २ | श्री नम्रता गौतम | नगर उप-प्रमुख | | |
| ३ | श्री भोगेन्द्र पाण्डे | वडा अध्यक्ष | १ | |
| ४ | श्री चुडामणि पुलामी | वडा अध्यक्ष | २ | |
| ५ | श्री सरोज राई | वडा अध्यक्ष | ३ | |
| ६ | श्री सन्तोष मानन्धर | वडा अध्यक्ष | ४ | |
| ७ | श्री महेश राई | वडा अध्यक्ष | ५ | |
| ८ | श्री देवेन्द्र गुरागाई | वडा अध्यक्ष | ६ | |
| ९ | श्री देवेन्द्र बहादुर तामाङ | वडा अध्यक्ष | ७ | |
| १० | श्री गजेन्द्र बहादुर राई | वडा अध्यक्ष | ८ | |
| ११ | श्री सम्झना आले | वडा अध्यक्ष | ९ | |
| १२ | श्री हरी बहादुर खत्री | वडा अध्यक्ष | १० | |
| १३ | श्री इन्द्र कुमार राई | कार्यपालिका सदस्य | ७ | |
| १४ | श्री विष्णु माया विश्वकर्मा | कार्यपालिका सदस्य | २ | |
| १५ | श्री रुप बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | ५ | |
| १६ | श्री तारा देवी ढकाल (धमला) | कार्यपालिका सदस्य | ९ | |
| १७ | श्री सवीता कार्की | कार्यपालिका सदस्य | ७ | |
| १८ | श्री सीता देवी बस्नेत | कार्यपालिका सदस्य | ३ | |
| १९ | श्री नगेन्द्र राई | कार्यपालिका सदस्य | ८ | |
| २० | श्री गीता परियार | कार्यपालिका सदस्य | १० | |
| २१ | श्री अनिस काफ्ले | नि.प्रमुख प्रशासकीय अधिकृत | | |
| **सहयोगी कर्मचारी** | | | | |
| १ | श्री नरेन्द्र कुमार लिम्बु | इञ्जिनियर | | |
| २ | श्री पर्शुराम श्रेष्ठ | इञ्जिनियर | | |
| ३ | श्री शेखर गौतम | कम्प्युटर अपरेटर | | |
| ४ | श्री विकास आचार्य | स.ले.पा. | | |



CamScanner

बैठक संख्याः २३।२०८१
बैठक मितिः २०८१।१२।०४ गते, समयः विहान ११:०० बजे
स्थानः पाख्रीबास नगरपालिका कार्यालयको सभाहल

**प्रस्तावहरु**

१. प्रस्ताव नं. १ : विस्तृत परियोजना प्रतिवेदन (DPR) स्वीकृत गर्ने सम्बन्धमा।

२. प्रस्ताव नं. २ : बजेट सुनिश्चितताको प्रतिवद्धता सम्बन्धमा।

३. प्रस्ताव नं. ३ : छुट जग्गा वर्गिकरण सम्बन्धमा।

४. प्रस्ताव नं. ४ : बजेट माग सम्बन्धमा।

५. प्रस्ताव नं. ५ : विद्यालय शिक्षक दरबन्दी मिलान कार्यदल गठन सम्बन्धमा।

**निर्णयहरु**

**निर्णय नं. १**

Preparation of Detail Project Report (DPR) For Cold Store, School Building and Covered Hall at Pakhribas Municipality (RFP No.: PKBSMUN/RFP/081/82/01) सम्बन्धी कार्य गर्नको लागि यस पाख्रीबास नगरपालिका र श्री बेरिटेक इञ्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि., काठमाडौं बीच मिति २०८१।०८।२३ गते भएको सम्झौता बमोजिम श्री बेरिटेक इञ्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि., काठमाडौंले मिति २०८१/११/२५ गतेको पत्र सहित Preparation of Detail Project Report (DPR) For Cold Store, School Building and Covered Hall at Pakhribas Municipality को अन्तिम प्रतिवेदन यस कार्यालयमा पेश गरेको हुँदा उक्त तीन वटै योजनाको विस्तृत परियोजना प्रतिवेदन (DRP) माथी यस कार्यालयका इन्जिनियहरुबाट प्रस्तुत प्रतिवेदन उपर छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. २**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ४२२ मिति, २०८१/०३/०५ गतेको पत्रानुसार उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना (HICDPs) अन्तर्गत स्थानीय तहले पेश गर्ने आयोजनाहरु मध्ये तपसिल बमोजिमका आयोजनाहरुको लागि पाख्रीबास नगरपालिकाको तर्फबाट लागत साझेदारी बापत तोकिए बमोजिमको कुल आयोजना लागतको १० प्रतिशत लागत साझेदारी व्यहोर्ने सुनिश्चितताको प्रतिबद्धता सहित आयोजनाहरुको प्रस्ताव पेश गर्ने निर्णय गरियो।

**तपसिल :**

१) Cold Store Pakhribas Municipality Ward No. 4
२) School Building Pakhribas Municipality Ward No. 10
३) Covered Hall at Pakhribas Municipality Ward No. 4

**निर्णय नं. ३**

पाख्रीबास नगरपालिका वडा नं. ९ बस्ने मानध्वोज पुर्वछानेको छोरा टिकामाय पुर्वछानेको श्रीमान वीर बहादुर पुर्वछानेको नाउँमा साविक चुङमाङ गा.वि.स. वडा नं. १ हाल पाख्रीबास नगरपालिका वडा नं. ९ मा रहेको कित्ता नं. १४२६ को क्षेत्रफल ०-१-३-२ भएको जग्गा **पाख्रीबास नगरपालिकाको भूउपयोग क्षेत्र वर्गीकरण अनुसारको कित्तागत विवरण, २०८१ मा** समावेश हुन छुट भएको हुँदा उक्त जग्गालाई आवासिय क्षेत्रमा वर्गिकरणको लागि आवश्यक प्रकृया अगाडी बढाईदिनुहुन भनि ९ नं. वडा कार्यालयको च.नं. ४१५ मिति २०८१।१२।०४ गतेको

बैठक संख्या: २३।२०८१
बैठक मिति: २०८१।१२।०४ गते, समय: बिहान ११:०० बजे
स्थान: पाख्रीबास नगरपालिका कार्यालयको सभाहल

सिफारिस पत्र प्राप्त भएको हुँदा उक्त कित्ता नं. र क्षेत्रफल भएको जग्गालाई आवासिय क्षेत्रमा समावेश गर्ने निर्णय गरियो । साथै उक्त कित्ता नं. र क्षेत्रफल भएको जग्गालाई आवासिय क्षेत्रमा वर्गिकरण गरी जग्गा सम्बन्धी कारबाही गर्नका लागि श्री मालपोत कार्यालय धनकुटा र श्री नापी कार्यालय धनकुटामा सिफारिस गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ४**

पाख्रीबास नगरपालिका र काठमाडौँ महानगरपालिका बीच भगिनी सम्बन्ध स्थापना भई पाख्रीबास नगरपालिका वडा नं. ३ र ४ स्थित Construction Of Foot Trail From Health Post to Suntale Danda सम्बन्धी योजना सञ्चालनको लागि काठमाडौँ महानगरपालिकाबाट रु.१ करोड ५० लाख प्राप्त भई दुबै पालिकाको ५०/५०% लागत साझेदारीमा सञ्चालन भएको उक्त योजना DPR बमोजिम पूर्ण रुपमा सम्पन्न हुन नसकेको हुँदा उक्त योजनाको बाँकी निर्माण कार्यको लागि काठमाडौँ महानगरपालिकासँग रु.३ करोड बजेट माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

अनिवार्य निशुल्क आ.वि. पाख्रीबास न.पा. ३ कसेनीको विद्यमान विद्यार्थी संख्या र शिक्षक दरबन्दी अनुपातको अवस्था विश्लेषण गरी आगामी चैत्र मसान्त भित्र प्रतिवेदन पेश गर्ने गरी तपसिल बमोजिमको विद्यालय शिक्षक दरबन्दी मिलान कार्यदल गठन गर्ने निर्णय गरियो ।

**तपसिल :**

१) श्री सरोज राई – ३ नं. वडा अध्यक्ष – संयोजक
२) श्री सम्झना आले – ९ नं. वडा अध्यक्ष (सामाजिक विकास समिति संयोजक) – सदस्य
३) श्री सितादेवी बस्नेत – का.पा. सदस्य (नगर शिक्षा समिति सदस्य) – सदस्य
४) श्री चन्द्र बहादुर आले मगर – ३ नं. वडा सदस्य- सदस्य
५) श्री गुणराज ढकाल – शिक्षा अधिकृत- सदस्य सचिव